**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 10.07.2025**

**National Fish Farmers Day**

आज राष्ट्रिय मत्स्यपालक दिवस हो। यस अवसरमा राज्यका मुख्यमन्त्री प्रेमसिंह तामाङ अनि मत्स्यपालन मन्त्री पुरुणकुमार गुरुङले राज्यवासीलाई शुभकामना दिनुभएको छ।

आफ्नो सन्देशमा मुख्यमन्त्रीले भन्नुभएको छ, सिक्किममा ग्रामीण अर्थतन्त्रलाई सुदृढ पार्न मत्स्यपालनको महत्त्व निरन्तर बढ्दै गइरहेको छ। उहाँले आज दुई हजारभन्दा धेरै परिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मत्स्यपालनमा संलग्न रहेको उल्लेख गर्दै भन्नुभएको छ, उनीहरूले स्वरोजगार, खाद्य सुरक्षा र स्थानीय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेका छन्। उहाँले दिगो मत्स्यपालन विकास मार्फत विकसित सिक्किम निर्माण र विकसित भारतमा योगदान पुऱ्याउन हामी कृतसंकल्पित छौं भन्नुभएको छ।

यसरी नै आफ्नो सन्देशमा मत्स्यपालकहरूलाई शुभकामना दिँदै मन्त्री श्री गुरुङले सिक्किममा जैविक मत्स्यपालन भइरहेको उल्लेख गर्नुभएको छ। उहाँले राज्यमा मत्स्य उत्पादन 953 मेट्रिक टन पुगेको जानकारी दिँदै किसानहरूले प्रधानमन्त्री मत्स्य सम्पदा योजना र मुख्यमन्त्री मत्स्य उत्पादन योजना जस्ता योजनाहरूबाट निरन्तर लाभ उठाइरहेको बताउनुभएको छ।

यसैबीच, राष्ट्रिय मत्स्यपालक दिवसको अवसरमा आज गान्तोकको टाशिलिङ सचिवालयमा मत्स्यपालन विभागले एक दिवसीय राज्य स्तरीय वेभिनारको पनि आयोजना गरेको थियो। अर्कोतिर पाकिममा पनि मत्स्यपालन विभागले मत्स्यपालकहरूलाई लिएर कार्याशालाको आयोजना गरेको जानकारी प्राप्त भएको छ।

**Lama Meets Rajnath Singh**

राज्यका धर्म, जनस्वास्थ्य अभियान्त्रिकी, जलसंसाधन मन्त्री सोनाम लामाले आज नयाँ दिल्लीमा केन्द्रिय रक्षा मन्त्री राजनाथ सिंहसित शिष्टाचार भेट गर्नुभयो।

भेटमा दुवै नेताले राज्यका विभिन्न विकास परियोजनाहरूबारे चर्चा गर्नुभयो। चर्चामा सीमाक्षेत्रमा सञ्चालित विभिन्न विकास परियोजनाबारे पनि छलफल भएको थियो। भेटका क्रममा मन्त्री श्री लामाले सिक्किमका जनताको पक्षमा केन्द्रिय मन्त्रीलाई उहाँको जन्म दिवसको शुभकामना पनि दिनुभएको थियो।

**Nishikant Dubey-Sikkim**

सिक्किम भ्रमणमा रहनुभएका भारतीय जनता पार्टीका सांसद एवम् सञ्चार तथा सूचना प्रविधि स्थायी समितिका अध्यक्ष डा. निशिकान्त दुबेले सिक्किममा भइरहेको विकास कार्यको प्रशंसा गर्नुभएको छ। उहाँले कनेक्टिभिटी, पूर्वाधार र पर्यटनको क्षेत्रमा सिक्किममा भइरहेको विकास कार्यको प्रशासा गर्नुभयो।

हाल सिक्किम भ्रमणमा रहनुभएका डा. दुबेले आज गान्तोकमा पत्रकारहरूसित कुराकानी गर्दै सिक्किमलाई "भारतको स्विट्जरल्याण्ड" बताउँदै राज्यको प्राकृतिक सौन्दर्य, शान्तिपूर्ण वातावरण, प्रगतिशील नागरिक र सुरक्षाको प्रशंसा गर्नुभयो।

**Byte Nisikant 25 Sec**

यस अवसरमा डा. दुबेले बौद्ध धर्मगुरु परम पावन दलाई लामालाई भारत रत्नले सम्मानित गर्नुपर्ने विचार पनि व्यक्त गर्नुभयो।
यसैबीच, डा. दुबेले आज मिन्तोगाङमा मुख्यमन्त्री प्रेमसिंह तामाङसित शिष्टाचार भेट गर्नुभयो। भेटमा दुवै नेताले विभिन्न विषयमा चर्चा गर्नुभएको थियो।

**Posts office APT App**

भारतको डाक विभागले सिक्किम क्षेत्रका सबै डाकघरमा आउँदो 15 जुलाईदेखि उन्नत APT Application सेवा शुरु गर्ने भएको छ। यसले डाक विभागको काममा अझ तिव्रता ल्याउने र उपभोक्ताहरूलाई सहजता प्रदान गर्नेछ। नयाँ एप्लिकेसन जडान 14 जुलाईको दिन गरिने हुँदा सो दिन डाकघरहरूमा आम जनताको कुनै पनि काम नहुने सूचना पनि विभागले जारी गरेको छ।

**IRB-Arun Upreti**

भारतीय रिजर्व बटालियनको 2000 ब्याचले आफ्नो २५ वर्षको अद्भुत सेवा र बलिदानलाई स्मरण गर्दै आफ्नो रजत जयन्ती पालन गरेको छ। रम्फु माइनिङमा आयोजित कार्यक्रममा सिक्किम सरकारका ग्राम प्रबन्धन एवं सहकारिता मन्त्री अरूणकुमार उप्रेती मुख्य अतिथिको रूपमा उपस्थित रहनुभयो। कार्यक्रममा तीनजना अवकाशप्राप्त अधिकारीहरू एसआई पूर्ण गुरुङ, नागे भुटिया र टुटु भुटियालाई सम्मान जनाइएको थियो।

**Bhanu Jayanti Namchi**

दक्षिण सिक्किम साहित्य सम्मेलन, नाम्चीले 211 औं भानुजयन्ती विविध कार्यक्रमसहित नाम्चीमा पालन गर्ने तयारी पूरा गरिसकेको छ। हाम्रा नाम्ची संवाददाताले दिएको जानकारी अनुसार 11 जुलाईको दिन चित्रकला, रामायण पाठ र कविता पाठ प्रतियोगिताको आयोजना गरिएको छ। जसमा नाम्ची र वरिपरिका विद्यालयहरूले भाग लिनेछन्। सम्मेलनको स्थापना सन् १९९५ मा भएको हो र यसले आफ्नो स्थापनादेखि नाम्चीमा निरन्तर भानु जयन्ती भव्यताका साथ पालन गर्दै आइरहेको छ।

**BJP Gurupurnima**

आज गुरु पूर्णिमा हो। यस अवसरमा भारतीय जनता पार्टीका नेतृत्ववर्ग साथै कार्यकर्ताहरूले राज्यका विभिन्न मठ, मन्दिर, गुम्बा तथा आश्रमहरूको भ्रमण गरेका छन्। उनीहरूले प्रार्थना गर्नका साथै गुरूहरूप्रति सम्मान जनाएर आशीर्वाद तथा मार्गदर्शन ग्रहण गरेका छन्।